आज मिति २०८२/१२/२१ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं का.वा.वडा अध्यक्ष | श्री टिका देवी बोहरा |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिलामणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव एवं प्र.प्र.अ. | श्री ईश्वरी प्रसाद शर्मा |
| अन्य उपस्थिति | | | |
| १ | | लेखा अधिकृत | श्री प्रेम प्रसाद शर्मा |
| २ | | प्र. शाखा प्रमुख | श्री किशोर पन्त |
| ३ | | सू.प्र. अ. | श्री प्रशान्त श्रेष्ठ |
| ४ | | मे.प्र.ले. | श्री शान्ति देवी शर्मा पाण्डेय |
| | | स्टे.ले. | श्री लक्ष्मी श्रेष्ठ |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. बधाई तथा शुभकामना सम्बन्धमा ।

३. कृषि हाट बजार निर्माणको लागि बजेट माग सम्बन्धमा ।

४. व्यवस्थित चिस्यान केन्द्र निर्माणको लागि बजेट माग सम्बन्धमा ।

५. हाम्रो चार बर्ष कार्यक्रमको लागि समिति गठन सम्बन्धमा ।

६. समपूरक र विषेश अनुदानको लागि योजना तथा कार्यक्रम माग गरी पठाउने सम्बन्धमा ।

७. लागत सहभागिता बापतको रकम आगामी नगरसभाबाट सुनिश्चितता गर्ने सम्बन्धमा ।

८. पिकअप भ्यान खरिद सम्बन्धमा ।

९. निर्माण सम्पन्न भएका योजनाहरुको उद्घाटन गर्ने सम्बन्धमा ।

१०. सिफारिस समिति गठन गर्ने सम्बन्धमा ।

११. सडक बोर्ड नेपालको कार्यक्रम छनौट र समपुरक कोषको रकम सुनिश्चितता गर्ने सम्बन्धमा ।

१२. लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

१३. धौलागिरी प्रादेशीक अस्पताल बागलुङको पत्र सम्बन्धमा ।

१४. सुरक्षित गर्भपतन एवं परिवार योजना क्लिनिक संचालन सम्बन्धमा ।

१५. श्रीमद् भागवत महापुराण पितृ सप्ताहमा आर्थिक सहयोग गर्ने सम्वन्धमा ।

१६. सेवा प्रवाह (सुशासन) सम्बन्धमा ।

१७. साविकको चिप्लेटी बसपार्क व्यवस्थापन सम्बन्धमा ।

१८. आत्मनिर्भर बागलुङ कार्यक्रमको निरन्तरता सम्बन्धमा ।

१९. क्षयरोग खोजप्रताल शिविर संचालन सम्बन्धमा ।

२०. आयोजनाको Variation Order -3 स्वीकृत गरी म्याद थप गर्ने सम्बन्धमा ।

२१. डिजाईन/सुपरिवेक्षण परामर्शदाताको Variation स्वीकृत गरी म्याद थप गर्ने सम्वन्धमा ।

२२. भुक्तानी सम्बन्धमा ।

२३. विविध सम्बन्धमा ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ द्धारा बागलुङ निर्वाचन क्षेत्र नं. १ मा निर्वाचित माननीय शुसील खड्का, बागलुङ निर्वाचन क्षेत्र नं. २ मा निर्वाचित माननीय सोम शर्मा र बागलुङ जिल्लाबासीबाट समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रतिनिधि माननीय गंगा छन्त्याल, माननीय रेनुका काउचा र माननीय वलावती शर्मालाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निणर्य गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय बजेट तथा कार्यक्रम शाखाको मिति २०८२/१२/१७ गतेको पत्रबाट माग भएको कृषि हाट बजारको विवरण सम्बन्धमा यस पालिकामा हाल सम्म कृषि हाट बजार नभएको हुँदा कृषि हाट बजार निर्माणको लागि एक करोड रुपैया मात्र बजेट विनियोजन गरिदिनुहुन अनुरोध गर्दै सो कार्यको लागि लाग्ने लागत साझेदारी रकम आगामी सभाबाट विनियोजन गर्ने गरी सुचिश्चितता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय बजेट तथा कार्यक्रम शाखाको मिति २०८२/१२/१७ गतेको पत्रबाट एक पालिका एक चिस्यान केन्द्रको विवरण माग भएको तर यस पालिकामा चिस्यान केन्द्र नभएको हुँदा व्यवस्थित चिस्यान केन्द्र निर्माणको लागि दुई करोड रुपैया मात्र बजेट विनियोजन गरिदिनुहुन अनुरोध गर्दै सो कार्यको लागि लाग्ने लागत साझेदारी रकम आगामी सभाबाट विनियोजन गर्ने गरी सुचिश्चितता गर्ने निर्णय गरियो ।

निणर्य नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस पालिकाको वर्तमान जनप्रतिनिधिहरुले पदवहाल गरेको चार बर्ष पुगेको अवसरमा मिति २०८३ जेष्ठ ६ गते हाम्रो चार बर्ष कार्यक्रम गर्नको लागि देहाय बमोजिमको

तयारी समिति गठन गर्ने र उक्त समितिको कामलाई सहयोग गर्नको लागि कार्यालयका प्रशासन शाखा प्रमुख श्री भिमसेन पन्त र सूचना प्रविधि अधिकृत श्री ईशान श्रेष्ठलाई तोक्ने निर्णय गरियो ।

तपशिल

(१) संयोजक श्री ज्ञानेन्द्र गौतम

(२) सदस्य श्री चक्र बहादुर खत्री

(३) सदस्य श्री रुद्र बहादुर के.सी.

(४) सदस्य श्री ज्योति के.सी. विष्ट

(५) सदस्य श्री धनमाया शर्मा

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्रदेश सरकारबाट उपलब्ध हुने समपूरक अनुदान र विषेश अनुदान अन्तर्गत आर्थिक बर्ष २०८३/०८४ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको लागि देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु माग गरी पठाउने निर्णय गरियो ।

**(क) समपूरक अनुदान**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | बागलुङ नगरपालिका वडा नं. १ र २ का विभिन्न सडक मर्मत एवं स्तरोन्नती । | नयाँ |
| २ | बागलुङ नगरपालिका वडा नं. ३ र ४ का विभिन्न सडक मर्मत एवं स्तरोन्नती । | नयाँ |

**(ख) विशेष अनुदान**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | वौडेचौर मा.वि. आवासिय भवन निर्माण, बा.न.पा. ८ बागलुङ । | नयाँ |
| २ | जेष्ठ नागरिक भवन निर्माण, बा.न.पा. बागलुङ । | नयाँ |

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रदेश सरकारबाट उपलब्ध हुने समपूरक अनुदान र विषेश अनुदान अन्तर्गत आर्थिक बर्ष २०८३/०८४ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको लागि यस पालिकाबाट प्रस्ताव गरिएका आयोजनाहरुमा **बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१** बमोजिम पालिकाले व्यहोर्नु पर्ने लागत सहभागिता बापतको रकम आगामी नगरसभाबाट सुनिश्चितता गर्ने निर्णय गरियो ।

निणर्य नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नगरपालिका कार्यालयको दैनिक प्रशासनिक कार्य संचालन, सुरक्षा प्रयोजन, योजना अनुगमन, प्राविधिक कार्यसम्पादन तथा सेवा प्रवाहको लागि सवारी आवश्यक परेको र यसपूर्व समेत सवारी खरिदको निर्णय भैसकेको हुंदा तत्काल 4WD Pick Up (Dauble Cab) पिकअप भ्यान खरिदको लागि आवश्यक प्रकृया १५ दिन भित्र अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निणर्य नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस कार्यालयबाट विभिन्न मितिमा निर्माण सम्पन्न भएका देहाय बमोजिमका योजनाहरुलाई देहाय बमोजिम उद्घाटन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | आयोजनाको नाम | उद्घाटन गर्ने मिति |
|---|---|---|
| १ | हाईमास्ट सडक बत्ती, बा.न.पा. २ | २०८२/१२/२३ |
| २ | ७ नं. वडा कार्यालय भवन, बा.न.पा. वडा नं. ७ | २०८३/०१/०७ |
| ३ | कुकुर सेल्टर हाउस, बा.न.पा. वडा नं. ३ | २०८३/०१/०७ |
| ४ | लहरेपिपल स्वास्थ्य चौकी, बा.न.पा. वडा नं. ६ | २०८३/०१/३१ |
| ५ | महाविद्याजन मावि, बा.न.पा. ११ | २०८३/०१/८ देखी १५ भित्र |
| ९ | तित्याङ्ग स्वास्थ्य चौकी, बा.न.पा. ९ | २०८३/०१/८ देखी १५ भित्र |

निणर्य नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा नगर कार्यपालिकाको कार्यालयका कर्मचारीहरु मध्ये कार्यसम्पादनमा सहजता तथा समयपालना, सेवाग्राही सन्तुष्टि, नवप्रवर्तनशील कार्य, सुधारमा पहल, समस्या समाधान क्षमता, अनुशासन, क्रियाकलापहरुमा सहभागिता, सहकार्य तथा समन्वय, नियमित उपस्थिति, जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्ने क्षमता, लगनशीलता, मितव्ययिता, कर्तव्यपरायणता, कार्यकुशलता र अतिरिक्त जिम्मेवारी निर्वाहमा देखाएको तत्परता समेतका सूचकको आधारमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी छनौट गरी सिफारिस गर्न देहाय बमोजिम सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक श्री ज्ञानेन्द्र गौतम

(२) सदस्य श्री कुमार विक्रम क्षेत्री

(३) सदस्य श्री चक्र बहादुर खत्री

(४) सदस्य श्री रुद्र बहादुर के.सी.

(५) सदस्य श्री धनमाया शर्मा

(६) सदस्य श्री ज्योती के.सी. विष्ट

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा सडक बोर्ड नेपालको मिति २०८२/०९/२८ गतेको पत्र बमोजिम चालु आ.व.मा यस पालिकाको लागि स्वीकृत रकम रु ४०,००,०००। अक्षेरुपी चालिस लाख रुपैयाबाट यस नगरपालिका वडा नं. ४ र ६ स्थित **तिरुपती चोक देखी पञ्चकोट जाने सडक** निर्माणको लागि तयार गरिएको कुल रकम रु ६०,०९,०२७०२ को लागत अनुमान स्वीकृत गरी मार्गदर्शन बमोजिम व्यहोर्नुपर्ने समपुरक कोष (Matching Fund) को रकम रु २०,०९,०२७ अक्षेरुपी बीस लाख नौ हजार सत्ताईस रुपैया मात्र बजेट सुनिश्चितता गर्ने निर्णय गरियो ।

**निणर्य नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा महालेखा परिक्षकको कार्यालय काठमाण्डौंबाट यस बागलुङ नगरपालिकाको कार्यालय, बागलुङको आ.व. ०८१/०८२ मा सम्पन्न आर्थिक विवरणहरुको लेखा परिक्षण गरी यस कार्यालयमा प्राप्त हुन आएको प्रारम्भिक प्रतिवेदन माथि छलफल भयो । प्रारम्भिक प्रतिवेदनले औंलाएका बेरुजु फरछ्यौट गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत सम्बन्धित शाखाहरुमा जानकारी गराउने निर्णय गरियो ।

**निणर्य नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा धौलागिरी प्रादेशिक अस्पताल बागलुङले प्रादेशिक अस्पताल अगाडिको सडकलाई एकतर्फी सवारी बनाउनको लागि गरेको अनुरोध सम्बन्धमा छलफल भयो । सो सम्बन्धमा थप अध्ययन गरी सम्बन्धित पक्षहरुसँग छलफल गरी आवश्यक निर्णय लिने निर्णय गरियो ।

**निणर्य नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा नेपाल परिवार नियोजन संघ बागलुङ शाखाले बा.न.पा. वडा नं. ४ उपल्लाचौरमा संघको नाममा रहेको भवनको भुँईतलामा रहेका ३ वटा कोठा र स्वास्थ्यसँग सम्बन्धित औजार उपकरणहरु नि:शुल्क प्रयोगको लागि बानपा कार्यालयलाई गरेको आग्रहका सम्बन्धमा छलफल भयो सो सम्बन्धमा परिवार नियोजनको उक्त भवनका कोठाहरु र ताँहा रहेका मेडिकल औजार उपकरणहरु नि:शुल्क प्रयोग गरी नगरपालिका स्वास्थ्य शाखा अन्तर्गत रहने गरी सुरक्षित गर्भपतन एवं परिवार योजना क्लिनिक संचालन गर्ने निर्णय गरियो ।

**निणर्य नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ३ चिप्लेटी स्थित साविकको बसपार्कमा सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा केन्द्र बा.न.पा. ३ मार्फत संचालन गर्न लागेको श्रीमद् भागवत महापुराण पितृ सप्ताहमा रु १,११,१११। अक्षेरुपी एकलाख एघार हजार एक सय एघार रुपैया मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निणर्य नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ पश्चात नबगठित सरकारको निर्देशन, जनअपेक्षा र सेवाग्राहीको चाहना बमोजिम नगरपालिकाको सेवा प्रवाहलाई अझै सशक्त सम्पादन गर्न/गराउनको लागि आवश्यक कार्य अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निणर्य नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ३ स्थित साविकको चिप्लेटी बसपार्कलाई जिपपार्कको रुपमा विकास गर्ने गरी यसपूर्वको निर्णय बमोजिम सम्बन्ध पक्षसंग छलफल गरी बजारका विभिन्न स्थानबाट हाल संचालन हुँदै आएका जिपहरुलाई उक्त स्थानबाट संचालन गर्ने निर्णय गरियो ।

**निणर्य नं. १८**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा बागलुङ नगरपालिका र हेफर नेपाल वीच साझेदारी मोडलमा काम गर्ने गरी संचालनमा रहेको **"आत्मनिर्भर बागलुङ कार्यक्रम"** (कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम) को लागि आगामी नगरसभाबाट आवश्यक बजेटको सुनिश्चितता गर्ने गरी उक्त कार्यक्रमको अवधि २०८४ असार मसान्तसम्म थप गर्ने र सो अवधिसम्म सम्झौता गर्नको लागि हेफर नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रस्ताव नं. १९ माथि छलफल गर्दा स्वास्थ्य शाखाको संयोजनमा बा.न.पा. वडा नं. ९ स्थित तित्याङ्ग स्वास्थ्य चौकीमा मिति २०८२ चैत्र २९ गतेका दिन क्षयरोग खोजप्रताल शिविर संचालन गर्ने र उक्त शिविरमा बा.न.पा. वडा नं. ८, ९, १० र ११ का वडावासीहरुलाई सेवा प्रदान गर्नको लागि सम्बन्धित वडा कार्यालयले समन्वय गर्ने निर्णय गरियो ।